बागमती प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्या:- २०८१/०८२

चलानी नं. :- ५०३

मितिः २०८१।०५।१७

विषयः निजामती सेवा दिवस -२०८१ मनाउने सम्वन्धमा ।

श्री सवै मन्त्रालय, बागमती प्रदेश सरकार, हेटौंडा।

श्री सवै आयोग, सचिवालय, बागमती प्रदेश, हेटौंडा।

श्री जिल्ला प्रशासन कार्यालय, मकवानपुर।

श्री हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, हेटौंडा।

प्रस्तुत विषयमा निजामती सेवा दिवस, २०८१ मनाउने सन्दर्भमा मिति २०८१ भाद्र १४ गते बागमती प्रदेश सरकारका का.मु. प्रमुख सचिव गोविन्द वहादुर कार्कीको अध्यक्षतामा वसेको वैठकको निर्णय कार्यान्वयनका लागि पठाइएको ब्यहोरा आदेशानुसार अनुरोध छ। साथै, उक्त निर्णयको प्रतिलिपि यसै पत्रसाथ संलग्न छ।

(सुरेन्द्र कार्की)
अधिकृत आठौं

श्री प्रशासन

फोन नं.: ०५७-५२२३८५, ३८७, ८९७, ८९८, ३९७ फ्याक्स: ०५७-५२७५०७, वेवसाइट: www.ocmcm.bagamati.gov.np, ईमेल: ocmcm@bagamati.gov.np

निर्णयहरु:

(१) नेपाल सरकार, वागमती प्रदेश सरकार र यस प्रदेशका स्थानीय तहहरुले २०८१ साल भाद्र २२ गते निजामती सेवा दिवसको अवसरमा विभिन्न कार्यक्रमहरु संचालन गरी भव्य रुपमा मनाउने।

(२) २०८१ भाद्र २० गते दिनको ३.०० बजे कर्मचारी मिलन केन्द्र मकवानपुरको संयोजनमा जिल्ला समन्वय समिति मकवानपुरको हलमा कविता प्रतियोगिता सञ्चालन गर्ने।

(३) २०८१ भाद्र २०, २१ र २२ गते वागमती प्रदेश भरका तीनै तहका सरकारी कार्यालय परिसरको सरसफाई गरी साँझमा दिपावली गर्ने।

(४) हेटौंडा उपमहानगरपालिकाको संयोजनमा २०८१ भाद्र २१ गते बिहान ७: ०० बजे भुटनदेवी मन्दिर परिसरमा सरसफाई कार्यक्रम सञ्चालन गर्ने।

(५) २०८१ भाद्र २२ गते बिहान ७.०० बजे भुटनदेवी मा.वि. बाट प्रभातफेरी कार्यक्रम शुरु गरी बुद्ध चोक हुदै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेटौंडामा आउने र मञ्चको कार्यक्रम संचालन गर्ने । उक्त प्रभातफेरी कार्यक्रममा हेटौंडास्थित कार्यालयका सबै कर्मचारीहरु कार्यालयको पोसाकमा ब्यानर सहित उपस्थित हुने।

(६) २०८१ भाद्र २१ गते आ-आँफ्ना कार्यालय परिसरमा सम्बन्धित कार्यालयहरुले वृक्षारोपण गर्ने र यसका लागि बिरुवा वन तथा वातावरण मन्त्रालयले उपलब्ध गराउने।

(७) २०८१ भाद्र २२ गते विहान ७.०० बजे प्रारम्भ हुने प्राभातफेरी लगायत मूल समारोह कार्यक्रमको प्रचार प्रसार गर्न र कार्यक्रममा सञ्चारकर्मीहरुलाई जानकारी तथा उपस्थितिका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयवाट पत्राचार गर्ने।

२०८१।५।१४

गोविन्द बहादुर कार्की
का.मु. प्रमुख सचिव